फोन नं-०२५५४४००२

# दुहवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दुहबी,सुनसरी
कोशी प्रदेश,नेपाल

प.स.-०८०/०८१ मितिः-२०८१/०२/२५

च.नं- ४३८०

### कर्मचारीहरुको तह वृद्धि सम्बन्धी ३० दिने सूचना

कोशी प्रदेशको स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन ऐन, २०८० बमोजिम स्थानीय सेवामा कार्यरत तथा यस दुहबी नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धिसम्बन्धी कार्यविधि २०८१ बमोजिम योग्यता पुगेका कर्मचारीहरुको तह वृद्धिका लागि ३० दिनको म्याद दिई सूचना प्रकाशित गरिएको छ । तोकिए बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी तह वृद्धिका लागि दुहबी नगरपालिकाका कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-२ बमोजिमको निवेदन भरी २०८१ साल ०३ महिना २२ गते भित्र आवेदन फारम दर्ता गराउनुहुन अनुरोध छ । समयसीमा भित्र आवेदन दर्ता नभएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. सेवा अवधी पुष्टि गर्ने नियुक्ति/वढुवा नियुक्ति/स्तरवृद्धि पत्र/रमाना-पत्रको प्रमाणित प्रतिलिपि,

२. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि,

३. समायोजन भएका कर्मचारीको हकमा समायोजन-पत्रको प्रमाणित प्रतिलिपि,

४. कामकाज सरुवामा रहेका कर्मचारीको हकमा नियुक्ति पत्र तथा कामकाज सरुवाको पत्र,

५. न्युनतम शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि,

०८१/२/२५

हिमालय बराल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner